नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# भन्सार छुट सिफारिस सम्बन्धी आवश्यक कागजातहरु र प्रकृया

## कृषि तथा पशुपन्छी मन्त्रालयको मिति २०७६।०७।१४ मा सचिवस्तर बाट स्वीकृत निर्णय

## खण्ड (क)

### निवेदकले अनिवार्य पेश गर्नु पर्ने आवश्यक कागजातहरु

१. सम्बन्धित स्थानिय तहको सिफारिस (फाराम नं. ७ को ढाँचा बमोजिम)। कृषि तथा पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारी जुन स्थानीय तहमा अवस्थित छ, सोही स्थानीय तहको सिफारिस हुन पर्नेछ।

२. कृषि व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीको हकमा सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रको सिफारिस (फाराम नं. ८ को ढाँचा बमोजिम)। सिफारिसमा फाराम नं. ३ बमोजिम भन्सार सहुलियतमा सिफिरिश गर्ने पूर्व परियोजना निरिक्षण प्रतिवेदन समेत संलग्न हुन पर्नेछ। उक्त प्रतिवेदन प्राविधिक कर्मचारीले प्रमाणित गरेको हुन पर्नेछ।

३. पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीको हकमा सम्बन्धित जिल्लाको भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको सिफारिस (फाराम नं. ८ को ढाँचा बमोजिम)। ।सिफारिसमा फाराम नं. ३ बमोजिम भन्सार सहुलियतमा सिफिरिश गर्ने पूर्व परियोजना निरिक्षण प्रतिवेदन समेत संलग्न हुन पर्नेछ। उक्त प्रतिवेदन प्राविधिक कर्मचारीले प्रमाणित गरेको हुन पर्नेछ।

४. यदि सम्बन्धित स्थानीय तहको सिफारिसमा नै कृषि/पशु शाखाले पूर्व परियोजना निरिक्षण प्रतिवेदन (फाराम नं. ३) मा प्रमाणित गरेको भए कृषि ज्ञान केन्द्र/ भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको सिफारिस लिन जरुरी नहुने।

५. कृषि विभाग वा पशु सेवा विभाग (कृषि/पशुपन्छी आयात निर्यात प्राविधिक समिति) को सिफारिस पत्र (फाराम नं. ९ को ढाँचा बमोजिम)। ।

६. कम्पनी दर्ताको प्रमाणपत्रको छाँयाकपि।

७. करचुक्ताको प्रमाणपत्रको छाँयाकपि।

८. कम्पनीको स्वामित्वमा रहेको जग्गाको धनी पुर्जा को छाँयाकपि वा व्यक्तिगत जग्गा भए निजको डकुमेन्ट वा भाडामा जग्गा लिई कम्पनी सन्चालन भएको भए सो को सम्झौता पत्रको छायाँप्रति।

९. आयात गर्नु पर्ने वस्तुहरुको परिमाण, मूल्य, मिति र Invoice नम्बर स्पष्ट रुपमा खुलेको Invoice र यसको compiled विवरण।

१०. कम्पनीको प्यान नं. खुलेको प्रमाणपत्र।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

११. सम्बन्धित कृषि/पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले भन्सार छुटको सिफारिस प्राप्त गरे पश्चातः "प्राप्त सिफारिस को दुरुपयोग गर्ने छैन, स्व-कृषि प्रायोजन बाहेक अन्य दोश्रो पक्षलाई बिक्रि वितरणका लागि वा ट्रेडिङ्गका/व्यापारीक प्रायोजनका लागि यो सुविधा प्रयोग गर्ने छैन" भनि लेखि हस्ताक्षर गरिएको स्व-घोषणा पत्र (फाराम नं. ६)।

१२. कुनै परियोजना/आयोजना/कार्यालयसँग संम्झौता गरेको भए संम्झौता पत्रको छायाँप्रति।

१३. कम्पनीको विनियम (नियमावली) र प्रबन्ध पत्र (यदि कम्पनी ले प्रकाशित गरेको भए)।

## खण्ड (ख)

### आवश्यक प्रकृया

१. निवेदक कृषि/पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले सम्बन्धित स्थानीय तहमा भन्सार छुट सिफारिसका लागि फाराम नं. १ को ढाँचा बमोजिम निवेदन दर्ता गराउनु पर्नेछ।

२. स्थानीय तहबाट भन्सार छुट सिफारिस प्राप्त गरे पश्चातः भन्सार छुट सिफारीस प्राप्त गर्न चाहने कृषि/पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले स्थानीय तहको सिफारिस पत्र सहित सम्बन्धित प्रदेश सरकारको मातहटको कृषि सम्बन्धी भए कृषि ज्ञान केन्द्र वा पशुपन्छी सम्बन्धी भए भेटेनेरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा भन्सार छुट सिफारिसका लागि फाराम नं. २ को ढाँचा बमोजिम निवेदन दर्ता गराउने। निवेदन दर्ता भएपछी सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरेनरि अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले प्रमाणित पूर्व परियोजना निरिक्षण प्रतिवेदन (फाराम नं. ३) भरेर भन्सार छुट सिफारिस दिनुपर्नेछ।

३. प्राप्त सिफारिस का साथमा प्रमाणित पूर्व परियोजना निरिक्षण प्रतिवेदन (फाराम नं. ३) संलग्न राखि सम्बन्धित कृषि वा पशु सेवा विभागमा माथि (खण्ड क) मा उल्लेखित आवश्यक कागजातहरु सहित नियमानुसार भन्सार छुटको सिफारिस दिलाइ पाउँ भनि, के को छुटका लागि र नेपालमा आयात गर्दा के का लागि प्रयोग हुने पनि स्पष्ट रुपमा खुलाई फाराम नं. ४ को ढाँचा बमोजिम निवेदन दर्ता गराउनु पर्नेछ।

४. सम्बन्धित विभाग (कृषि विभाग/पशु सेवा विभाग) बाट सिफारिस प्राप्त पश्वातः माथि (खण्ड क) मा उल्लेखित आवश्यक कागजातहरु संलग्न राखि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा नियमानुसार निवेदन दर्ता गराउनु पर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## खण्ड (ग)

### कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भन्सार छुट सिफारिस प्राप्त गर्न नसकिने

१. भन्सार छुट सम्बन्धी सिफारीस प्राप्त गर्न चाहने कृषि/पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले स्व-कृषि प्रायोजन बाहेक अन्य दोश्रो पक्षलाई विक्रि वितरणका लागि वा ट्रेडिङ्गका लागि भन्सार छुट सिफारिस माग गरेमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भन्सार छुट सिफारिस गरिने छैन।

२. यसरी प्रकृया पुरा नगरेका तथा सोझै कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा भन्सार छुट सिफारिस सुविधाका लागि निवेदन दिने कृषि/पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीको हकमा र माथि (खण्ड क) मा उल्लेखित कागजात पुरा नभएका निवेदनलाई सिफारिस दिन मन्त्रालय बाध्य हुने छैन।

## खण्ड (घ)

### कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भन्सार छुट सिफारिस प्राप्त गर्न लाग्ने समय

१. भन्सार छुट सम्बन्धी सिफारिस प्राप्त गर्न चाहने कृषि/पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले माथि (खण्ड क) मा उल्लेखित सम्पूर्ण कागजात संलग्न राखि निवेदन दर्ता गराएको कम्तिमा दश दिन सम्ममा सिफारिस पत्र प्राप्त गर्न सक्नेछ।

२. भन्सार छुट सम्बन्धी सिफारिस प्राप्त गर्नका लागि भन्सारमा सामान आउनु पूर्व संलग्न वीजक र Performa Invoice प्राप्त हुनासाथ समयमै प्रकृया अगाडी बढाएमा सहज हुनेछ। भन्सार विन्दुमा सामान आइसकेपछि प्राप्त हुने निवेदन उपर तत्काल सिफारिस प्राप्त नसकेको खण्डमा सम्बन्धित उद्योग, फार्म, संघसंस्था वा व्यक्ति आफै जिम्मेवार हुनेछ।

## खण्ड (ङ)

### सम्बन्धित विभागहरु, कृषि ज्ञान केन्द्र वा भेटेनेरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले भन्सार छुट सिफारिस प्रदान गर्दा अपनाउन पर्ने विधिहरु

१. पशु सेवा विभागले भन्सार छुट सिफारिस गर्दा पशुपन्छी आयात निर्यात प्राविधिक समितिको निर्णय गराई सिफारिस संलग्न हुन पर्नेछ (निर्णयको छाँयाप्रतीको हरेक पानाको पछाडी विभागको छाप लगाईएको हुन पर्ने)।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. कृषि विभागले पनि भन्सार छुट सम्बन्धी सिफारिस गर्नका लागि कृषि सम्बन्ध आयात निर्यात समिति तत्काल गठन गर्ने। उक्त समितिको निर्णय सिफारिसका साथ संलग्न हुन पर्नेछ (निर्णयको छाँयाप्रतीको हरेक पानाको पछाडी विभागको छाप लगाईएको हुन पर्ने)।

३. कृषि ज्ञान केन्द्र वा भेटेनेरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कृषि विभाग वा पशु सेवा विभागले भन्सार छुट सम्बन्धी सिफारिस गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय पठाउदा सिफारिस पत्रमा नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको **बिधेयक, २०७६ को कुन दफा, उपदफा, खण्ड र अनुसुची अनुसार भन्सार छुटको सिफारिस दिइएको हो, सो विस्तृत रुपमा अनिवार्य खुलाइ पठाउन पर्ने। अन्यथा, केहि नखुलाइ प्राप्त भएको सिफारिस मान्य हुने छैन।**

४. कृषि विभाग तथा पशु सेवा विभागले भन्सार छुट सम्बन्धी सिफारिस गर्ने क्रममा कृषि/पशुजन्य उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले पेश गरेको निवेदनका साथमा माथि (खण्ड क) मा उल्लेखित कागजातहरु संलगन गरे/नगरेको रुजु गरी सिफारिस गर्नु पर्नेछ। अन्यथा, पेश गर्नु पर्ने कागजातहरु पुरा नभै पठाइएको सिफारिसको कारवाही हुन मन्त्रालयलाई बाध्य हुने छैन।

५. स्थानीय तहले फारम नं. ७ को ढाँचा अनुसार सिफारिस पत्र प्रदान गर्ने।

६. श्री कृषि ज्ञान केन्द्र/ भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले फारम नं. ८ को ढाँचा अनुसार सिफारिस पत्र प्रदान गर्ने।

७. श्री कृषि/पशुसेवा विभागले फारम नं. ९ को ढाँचा अनुसार सिफारिस पत्र प्रदान गर्ने।

## खण्ड (च)

### कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भन्सार विभागमा भन्सार छुट सम्बन्धी सिफारिसका साथ संलग्न गर्न पर्ने कागजातहरु

१. भन्सार छुट सिफारिस पत्र (फारम नं. १० को ढाँचा अनुसार)।

२. सम्बन्धित अधिकृतले प्रमाणित गरेको भन्सार छुट सम्बन्धी विवरण (फाराम नं. ५ को ढाँचा बमोजिम)।

३. भन्सार छुट सम्बन्धी सिफारिसका लागि गरिएको निर्णय (सचिवस्तर) को छाँयाप्रति (छाँयाप्रतीको हरेक पानाको पछाडी मन्त्रालयको छाप लगाईएको हुन पर्ने)।

४. कृषि/पशुजन्य उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले पेश गरेको Perfroma Invoice को छाँयाप्रति (छाँयाप्रतीको मन्त्रालयको हरेक पानाको पछाडी छाप लगाईएको हुन पर्ने)।

५. मन्त्रालयले भन्सार छुटको सिफारिसको लागत तयार गरी हरेक वर्ष प्रकाशन गर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

६. मन्त्रालयले कृषि तथा पशुजन्य व्यवसाय सम्बन्धी उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीले भन्सार छुटको सिफारिस पाएका सामग्री/उपकरणहरुको अनुगमन गरी प्रभावकारीता अध्ययन गर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## फाराम नं. १

*निवेदकले भर्न पर्ने

श्री ......................................................महानगरपालिका/उपहमानगरपालिका /नगरपालिका/गाउँपालिका

**विषयः सहुलियत भन्सार सुविधामा कृषि/पशु सेवा सम्बद्ध उपकरण/औजार/मेसिनरी सामग्री/गाडी पैठारी गरि ल्याउन सिफारिस पाउँ ।**

**महोदय,**

निम्न बमोजिमको मेरो कृषि/पशुपन्छी फर्ममा आवश्यक परेको निम्न सामग्री/उपकरण/औजार/गाडी चालु आ. ब...........को आर्थिक ऐन को दफा ..............................................बमोजिम सहुलियत भन्सार सुविधामा पैठारी गरि ल्याउन भन्सार विभाग, अर्थ मन्त्रालयमा सिफारिस गरी पाउँ।

**फर्मको विवरणः-**

१.फर्मको नामः

२.फर्म रहेको ठेगानाः

३.फर्म प्रोपाइटरको नामः

४.फर्म दर्ता भएको संस्था : ..............................................

दर्ता नं..............................मिति................................

५.फर्मको जग्गाको विवरणः जग्गा धनीको नाम..............गा.वि.स./न.पा....................वडा नं..............कित्ता नं.........................क्षेत्रफल बिगाहा/रोपनी

६. लगानीः १. पुंजीगतः भवन, मेशिनरी, औजार, कारखाना २. चालुः उत्पादन सामग्री, उत्पादन वस्तु

७. व्यवसायको विवरणः

| क्र सं | कृषि/पशुपन्छी जन्य फर्म वा व्यवसायको नाम | फर्मको कार्य | उत्पादन हुने बस्तु | दैनिक उत्पादन के.जि./लि. | उत्पादित बस्तुको बिक्रि स्थल/क्षेत्र | उत्पादित प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*नयाँ कृषि/पशुजन्य उद्योग, फार्म, संघसंस्था वा सहकारीले भए सोही अनुसार खुलाउने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

७. सहुलियत भन्सार दरमा पैठारी गरि ल्याउने उपकरण/औजार/मेसिनरी सामग्री/गाडीको विवरण

| क्र सं | उपकरण/औजार/मेसिनरी सामग्री/गाडी | स्पेसिफिकेसन | इकाई | परिमाण | प्रयोजन | भन्सार छुटको आ (आर्थिक ऐन बमोजिम) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. उत्पादित बस्तुको बजार

| क्र सं | खरिद कर्ताको नाम | ठेगाना | खरिद हुने परिमाण | खरिदको प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## फाराम नं. २

**निवेदकले भर्न पर्ने (फार्म, उद्योग वा सहकारीको आफ्नै लेटर प्याडमा भए लेटर प्याडमा लेख्न पर्ने)**

मिति ..................

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र/ भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
जिल्ला......., प्रदेश....... ।

विषयः- भन्सार छुटको सिफारिस पत्र पाऊँ।

उपरोक्त विषयमा मैले / हामीले मितिः २० । । मा ....................................देशको ....................... कम्पनीबाट उत्पादित निम्न तालिकामा उल्लेखित विवरण अनुसारको प्रयोग हुने सँग सम्बन्धित अन्य मेसिनरी औजार/उपकारण/गाडी उत्पादनहरु आयात गर्न लागेको हुँदा नियमानुसार भन्सार छुटको लागि सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं।

भन्सार छुटमा आयात गर्न चाहेको विवरण

| सि.नं. | भन्सार छुटमा आयात गर्न चाहेको वस्तुको नाम | परिमाण | भन्सार नाकाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

निवेदकको
नामः
सहीः
फर्म वा उद्योगको नामः
ठेगानाः
सम्पर्क नम्बरः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## फाराम नं. ३

सम्बन्धित कृषि ज्ञान केन्द्र/ भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले यस फाराम भर्नु पूर्व स्थलगत अनुगमन समेत गरी स्थानीय सम्भाव्यताका आधारमा यस फाराम भर्ने र भन्सार छुटको सिफारीसका दिई कृषि/पशु सेवा विभागमा पठाउने

### भन्सार सहुलियतमा कृषि/पशुपन्छी सेवा उपकरण/ गाडी लगायत खरिद गरी ल्याउनका लागि सिफारिस गर्नु पूर्व परियोजना निरिक्षण प्रतिबेदन

१. कृषि/पशुपन्छी फर्मको नामः

२. फर्म रहेको ठेगाना जिल्ला..................गा.वि.स./नगरपालिका..................वडा नं...........टोल/गाउ

३. फर्म रहेको जग्गाको विवरणः

जग्गा धनीको नाम .................जिल्ला ...........गा.वि.स./नगरपालिका..............वडा नं........कित्ता नं............क्षेत्रफल बिगाहा/रोपनी...................

५.फर्मको दर्ता नं.....................

दर्ता भएको संस्था.....................मिति.....................जिल्ला....................

६.फर्मको प्यान नं.......................मिति...................जिल्ला.......................

७.फर्म प्रोपाइटरको नाम र ठेगानाः

८.फर्म प्रोपाइटरको नागरिकता नं

..................मिति.......................जिल्ला.......................

९. कृषि/पशुपन्छी वा पशुजन्य बस्तु प्रशोधन फर्ममा रहेको पशुधन वा कृषि उत्पादनको विवरण*

| क्र सं | कृषि/पशुपन्छी जन्य फर्म वा व्यवसायको नाम | फर्मको कार्य | उत्पादन हुने बस्तु | दैनिक उत्पादन के.जि./ लि. | उत्पादित बस्तुको विक्रि स्थल/क्षेत्र | उत्पादित प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*नयाँ कृषि/पशुजन्य उद्योग, फार्म, संघसंस्था वा सहकारीले भए सोही अनुसार खुलाउने।

१०.उत्पादित बस्तुको बजार

| क्र सं | खरिद कर्ताको नाम | ठेगाना | खरिद हुने परिमाण | खरिदको प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

११.सम्बन्धित प्राविधिकको सिफारिसः

नेपाल सरकारको आर्थिक ऐन, २०... को दफा/बुदा......................................................................................बमोजि म ...............................स्थित निज श्री लाइ.................................................................कृषि/पशुपन्छी ब्यवसाय प्रवर्द्धनको लागि सहुलियत भन्सार दरमा निम्न बमोजिमको कृषि/पशु सेवा उपकरण/गाडी खरिद गरि ल्याउन सिफारिस गर्दछु।

| क्र सं | पैठारी गरिने /मेसीनरी औजार/उपकरण/गाडी | स्पेसिफिकेसन | थान | सहुलियत भन्सार दर कायम हुने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

परियोजना निरिक्षकको नाम:
पद :
दस्तखतः
निरीक्षण मितिः
सम्पर्क नं.

१२.कार्यालय प्रमुखको राय

..........................................................................................................................................

.....................................................................................................................................।

कार्यालय प्रमुखको नामः
पदः
दस्तखतः
मितिः
सम्पर्क नं.

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# फाराम नं. ४

**निवेदकले भर्न पर्ने (फार्म, उद्योग वा सहकारीको आफ्नै लेटर प्याडमा भए लेटर प्याडमा लेख्न पर्ने)**

मिति ..................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग /कृषि विभाग,
हरिहरभवन, ललितपुर।

विषयः- भन्सार छुटको सिफारिस पत्र पाऊँ।

उपरोक्त विषयमा मैले / हामीले मितिः २० । । मा ................................देशको ...................... कम्पनीबाट उत्पादित निम्न तालिकामा उल्लेखित विवरण अनुसारको प्रयोग हुने सँग सम्बन्धित अन्य मेसिनरी औजार/उपकारण/गाडी उत्पादनहरु आयात गर्न लागेको हुँदा नियमानुसार भन्सार छुटको लागि सिफारिसपत्र पाउन अनुरोध गर्दछु/गर्दछौं।

भन्सार छुटमा आयात गर्न चाहेको विवरण

| सि.नं. | भन्सार छुटमा आयात गर्न चाहेको वस्तुको नाम | परिमाण | भन्सार नाकाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदकको
नामः
सहीः
फर्म वा उद्योगको नामः
ठेगानाः
सम्पर्क नम्बरः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# फाराम नं. ५

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयलरे भर्न पर्ने

राजश्व छुटका लागी पठाउने विवरण

मन्त्रालय/आयोजनाको नाम :- कृषि तथा पशुपन्छी विकास मन्त्रालय

मन्त्रालय/आयोजनाबाट भएको निर्णय मिति :-

मालबस्तु पैठारी गर्ने पैठारीकर्ताको नाम :-

प्रयोजन :- कुखुरा फार्म निर्माण

दातृ निकाय सँग भएको सम्झौता बमोजिम आयोजना सन्चालका लागी मालबस्तु आयत हुने भए :-

आयोजनाको नाम :-

दातृ निकायको नाम :-

सम्झौता भएको मिति :-

करछुट सम्बनधी बिषय उल्लेख भएको सम्झौताको दफा :-

आयोजना समास हुने मिति :-

मालबस्तुको विवरण

१. खपत हुने मालबस्तु

| सिं.नं. | बिजक नं वा माष्टर लिष्ट स्वीकृत भएको मिति | मालबस्तुको नाम | बस्तु बर्गीकरण संकेत नंम्बर | मालबस्तुको परिमाण | प्रति ईकाई मूल्य | जम्मा मूल्य ( रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

२. आयोजना सन्चालनका लागी खपत नहुने वा लगतमा पैठारी हुने मालबस्तु

| सिं.नं. | बिजक नं वा माष्टर | मालबस्तुको नाम | बस्तु बर्गीकरण संकेत नंम्बर | मालबस्तुको परिमाण | प्रति ईकाई | जम्मा मूल्य |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| जम्मा | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणित गर्नेको दस्तखत :-

नाम :-

पद :-

मन्त्रालय/आयोजनाको छाप :-

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

फाराम नं. ६

निवेदकले भर्न पर्ने

# स्व-घोषणा पत्र

मेरो/हाम्रो स्वमित्वको कृषि/पशुजन्य उद्योग, फार्म, संघसंस्था वा सहकारीले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त भन्सार छुट सम्बन्धी सिफारिसको सुविधाको दुरुपयोग गर्ने छैन, स्व-प्रायोजन बाहेक अन्य दोश्रो पक्षलाई बिक्रि वितरणका लागि वा ट्रेडिङ्गका/व्यापारीक प्रयोजनका लागि यो सुविधा प्रयोग गर्ने छैन। यदि यस सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला। साथै सम्बन्धित भन्सार कार्यालयबाट भन्सार छुटको सिफारिश प्राप्त गरे पश्चातः छुट सुविधा पाए या नपाएको जानकारी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा दिनेछु।

कृषि/पशुजन्य उद्योग, फार्म, संघसंस्था वा व्यक्तिगत फार्म वा सहकारीको प्रतिनिधिको तर्फबाटः

नामः

स्थायी ठेगानाः

पदः

नागरिकता नं.

मोबाइल नं.

हस्ताक्षरः

मितिः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## फाराम नं. ७

## स्थानीय तहले दिने भन्सार छुट सिफारिस पत्रको ढाँचा (सम्बन्धित कार्यालयको आफ्नै लेटर प्याडमा लेख्न पर्ने)

मितिः ..........

श्री कृषि ज्ञान केन्द्र/ भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,

जिल्ला......., प्रदेश.......।

विषय - भन्सार महशुल छुट सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश नं.......जिल्ला.......महानगरपालिका/उपहमानगरपालिका /नगरपालिका/गाउँपालिका.........वडा नं.......स्थित श्री ..(उद्योगको नाम).............ले......................प्रायोजनका लागि........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक पर्ने मेसिन/उपकरणहरु छिमेकी राष्ट्र ......को ........ Industries बाट (Proforma Invoice No:........, Dated.....), रु. .......|- [अक्षेरुपी ............भारतिय रुपियाँ/अमेरिकन डलर/यूरो/यूवान/(जुन देशबाट ल्याउन लागेको हो सोही देशको मुद्रामा खुलाउने) मात्र] मा खरिद गरी नेपालमा आयात गर्नु पर्ने भएकोले यस सन्दर्भमा, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक २०... को अनुसूची .... (दफा ..... को उपदफा (..) संग सम्बन्धित) दफा ... को उपदफा (..) (...) (पेज नं....) मा उल्लेखीत व्यवस्था भए अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारीसमा ...........लागी आवश्यक पर्ने यन्त्र तथा त्यससंग सम्बन्धित सहायक उपकरणहरु लगायत सामाग्रीमा भन्सार छुटको सुविधा रहेको देखिन्छ। त्यससंग सम्बन्धित .........उपकरणहरु निबेदकले माग गरेका........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक सम्बन्धित मेसिन/उपकरणहरुमा तपिशलमा उल्लेखीत सामाग्री/औजार/ मेशिनरीहरु (संलग्न कागजात अनुसार) नियमानुसार भन्सार छुटको सिफारिस गरी आवश्यक सहयोग गरी दिनुहुन आवश्यक कागजात संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

**तपशिल**

खपत हुने माल वस्तुको विवरण

| सि.नं. | माल वस्तुको नाम | परिमाण | बिजक नं. | वस्तु बर्गिकरण संकेत नंम्बर | प्रति इकाइ मूल्य (रू.) | जम्मा मूल्य (रू.) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

===================

सिफारिस गर्ने अधिकारीको

नाम

पद

**बोधार्थः**

भन्सार महशुल छुट सिफारिस माग गर्ने उद्योग/फार्मको नाम।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## फाराम नं. ८

## श्री कृषि ज्ञान केन्द्र/ भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले दिने भन्सार छुट सिफारिस पत्रको ढाँचा (सम्बन्धित कार्यालयको आफ्नै लेटर प्याडमा लेख्न पर्ने)

मितिः .........

श्री कृषि/पशुसेवा विभाग,
हरिहरभवन, ललितपुर।

बिषय - भन्सार महशुल छुट सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश नं........जिल्ला.......महानगरपालिका/उपहमानगरपालिका /नगरपालिका/गाउँपालिका.........वडा नं.......स्थित श्री ..(उद्योगको नाम)..............ले..................... प्रायोजनका लागि........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक पर्ने मेसिन/उपकरणहरु छिमेकी राष्ट्र ......को ........ Industries बाट (Proforma Invoice No:........, Dated.....), रु. .......|- [अक्षेरुपी ............भारतिय रुपियाँ/अमेरिकन डलर/यूरो/यूवान/(जुन देशबाट ल्याउन लागेको हो सोही देशको मुद्रामा खुलाउने) मात्र] मा खरिद गरी नेपालमा आयात गर्नु पर्ने भएकोले यस सन्दर्भमा, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक २०... को अनुसूची .... (दफा ..... को उपदफा (..) संग सम्बन्धित) दफा ... को उपदफा (..) (...) (पेज नं....) मा उल्लेखीत ब्यवस्था भए अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारीसमा ............लागी आवश्यक पर्ने यन्त्र तथा त्यससंग सम्बन्धित सहायक उपकरणहरु लगायत सामाग्रीमा भन्सार छुटको सुविधा रहेको देखिन्छ। त्यससंग सम्बन्धित .........उपकरणहरु निबेदकले माग गरेका........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक सम्बन्धित मेसिन/उपकरणहरुमा तपिशलमा उल्लेखीत सामाग्री/औजार/मेशिनरीहरु (संलग्न कागजात अनुसार) नियमानुसार भन्सार छुटको सिफारिस गरी आवश्यक सहयोग गरी दिनुहुन आवश्यक कागजात संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

**तपशिल**

खपत हुने माल वस्तुको विवरण

| सि.नं. | माल वस्तुको नाम | परिमाण | बिजक नं. | वस्तु बर्गिकरण संकेत नंम्बर | प्रति इकाइ मूल्य (रू.) | जम्मा मूल्य (रू.) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

======================

सिफारिस गर्ने अधिकारीको नाम
पद

**बोधार्थः**
भन्सार महशुल छुट सिफारिस माग गर्ने उद्योग/फार्म/ सहकारीको नाम।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

फाराम नं. ९

## श्री कृषि/पशुसेवा विभागले दिने भन्सार छुट सिफारिस पत्रको ढाँचा (सम्बन्धित कार्यालयको आफ्नै लेटर प्याडमा लेख्न पर्ने)

मितिः ..........

श्री कृषि पशुपन्छी विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

बिषय - भन्सार महशुल छुट सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश नं........जिल्ला.......महानगरपालिका/उपहमानगरपालिका /नगरपालिका/गाउँपालिका.........वडा नं.......स्थित श्री ..(उद्योगको नाम).............ले...................... प्रायोजनका लागि........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक पर्ने मेसिन/उपकरणहरु छिमेकी राष्ट्र ......को ........ Industries बाट (Proforma Invoice No:........, Dated.....), रु. .......|- [अक्षेरुपी ............भारतिय रुपियाँ/अमेरिकन डलर/यूरो/यूवान/(जुन देशबाट ल्याउन लागेको हो सोही देशको मुद्रामा खुलाउने) मात्र] मा खरिद गरी नेपालमा आयात गर्नु पर्ने भएकोले यस सन्दर्भमा, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक २०... को अनुसूची .... (दफा ..... को उपदफा (..) संग सम्बन्धित) दफा ... को उपदफा (..) (...) (पेज नं....) मा उल्लेखीत व्यवस्था भए अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारीसमा ............लागी आवश्यक पर्ने यन्त्र तथा त्यससंग सम्बन्धित सहायक उपकरणहरु लगायत सामाग्रीमा भन्सार छुटको सुविधा रहेको देखिन्छ।त्यससंग सम्बन्धित .........उपकरणहरु निबेदकले माग गरेका........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक सम्बन्धित मेसिन/उपकरणहरुमा तपिशलमा उल्लेखीत सामाग्री/औजार/ मेशिनरीहरु (संलग्न कागजात अनुसार) नियमानुसार भन्सार छुटको सिफारिश गर्ने मिति ............मा निर्णय भएकोले, निर्णयानुसारको निर्णय प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

**तपशिल**

खपत हुने माल वस्तुको विवरण

| सि.नं. | माल वस्तुको नाम | परिमाण | बिजक नं. | वस्तु बर्गिकरण संकेत नंम्बर | प्रति इकाइ मूल्य (रू.) | जम्मा मूल्य (रू.) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

======================

सिफारिस गर्ने अधिकारीको
नाम
पद

**बोधार्थः**

भन्सार महशुल छुट सिफारिस माग गर्ने उद्योग/फार्म सहकारीको/को नाम।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

फाराम नं. १०

**श्री कृषि पशुपन्छी विकास मन्त्रालय दिने भन्सार छुट सिफारिस पत्रको ढाँचा**

**(सम्बन्धित कार्यालयको आफ्नै लेटर प्याडमा लेख्न पर्ने)**

मितिः ..........

श्री भन्सार विभाग,

त्रिपुरेश्वर, काठमाडौं।

बिषय - भन्सार महशुल छुट सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश नं........जिल्ला.......महानगरपालिका/उपहमानगरपालिका /नगरपालिका/गाउँपालिका.........वडा नं.......स्थित श्री ..(उद्योगको नाम).............ले.....................

प्रायोजनका लागि........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक पर्ने मेसिन/उपकरणहरु छिमेकी राष्ट्र ......को ........ Industries बाट (Proforma Invoice No:........, Dated.....), रु. .......|- [अक्षेरुपी ............भारतिय रुपियाँ/अमेरिकन डलर/यूरो/यूवान/(जुन देशबाट ल्याउन लागेको हो सोही देशको मुद्रामा खुलाउने) मात्र] मा खरिद गरी नेपालमा आयात गर्नु पर्ने भएकोले यस सन्दर्भमा, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक २०... को अनुसूची .... (दफा ..... को उपदफा (..) संग सम्बन्धित) दफा ... को उपदफा (..) (...) मा उल्लेखीत ब्यवस्था भए अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारीसमा ............लागी आवश्यक पर्ने यन्त्र तथा त्यससंग सम्बन्धित सहायक उपकरणहरु लगायत सामाग्रीमा भन्सार छुटको सुविधा रहेको देखिन्छ। त्यससंग सम्बन्धित .........उपकरणहरु निबेदकले माग गरेका........निमार्ण/खेती/पशुपालनका लागि आवश्यक सम्बन्धित मेसिन/उपकरणहरुमा तपिशलमा उल्लेखीत सामाग्री/औजार/ मेशिनरीहरु (संलग्न कागजात अनुसार) नियमानुसार भन्सार छुटको सिफारिश गर्ने नेपाल सरकार (सचिवस्तर) को मिति ............मा निर्णय भएकोले, निर्णयानुसारको निर्णय प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

=====================

सिफारिस गर्ने अधिकारीको

नाम

पद

**बोधार्थः**

भन्सार महशुल छुट सिफारिस माग गर्ने उद्योग/फार्म/सहकारीको नाम।